
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २३ गते बुधबार ❑ 6 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## सरकारमा सहभागी हुन प्रधानमन्त्री दाहाल र ओलीद्वारा नेपाललाई आग्रह

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहित नवगठित सत्ता गठबन्धनका शीर्ष नेताहरुले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललाई मंगलबार उहाँको निवास कोटेश्वरमा भेटवार्ता गरी सरकारमा सहभागी हुन आग्रह गर्नुभएको छ ।

प्रधानमन्त्री दाहाल, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली, एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेलसहितका नेताहरुले समाजवादीका अध्यक्ष नेपाललाई सँगै मिलेर राजनीतिक यात्रा अगाडि बढाउन आग्रह गर्नुभएको हो ।



नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारमा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीबीच नयाँ गठबन्धन गरिएको सहमति सार्वजनिक भएको थियो । भेटका अवसरमा अध्यक्ष नेपालले चार दलको नयाँ सहमतिबारे आफूलाई जानकारी नदिइएको बारे प्रश्न राख्नुभएको थियो । एमालेसँगको विभाजनपछि अध्यक्ष ओली र अध्यक्ष नेपालबीच कोटेश्वरमा पहिलोपटक भेटवार्ता भएको हो । प्रधानमन्त्री दाहालले सोमबार पनि अध्यक्ष नेपालसँग कोटेश्वरस्थित निवासमा भेटवार्ता गर्नुभएको थियो ।

भेटपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै एमालेका अध्यक्ष ओलीले छलफल सकारात्मक भएको बताउनुभयो । सो पार्टीका महासचिव पोखरेलले आफूहरुले नयाँ गठबन्धनमा सहभागी हुन आग्रह गरेको र समाजवादी पार्टी सकारात्मक रहेको बताउनुभयो । एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले प्रधानमन्त्री दाहाल र अध्यक्ष ओलीले नयाँ गठबन्धनको आवश्यकता र औचित्यबारे अवगत गराएको र त्यसमा सहभागी हुन आग्रह गर्नुभएको बताउँदै यस विषयमा आफूहरुले पार्टीको बैठकबाट निर्णय लिने जानकारी दिनुभयो । महासचिव भुसालले भन्नुभयो, "उहाँहरुले मिलेर जान गर्नुभएको प्रस्तावलाई हामीले सकारात्मक रुपमा लिएका छौँ । कसरी मिलेर जाने भन्ने सम्बन्धमा बुधबार बिहान बस्ने सचिवालय बैठकले निर्णय गर्नेछ ।" शारीरिक अस्वस्थताका कारण केही दिनयता आफ्नै निवासमा स्वास्थ्यलाभ गरिरहनुभएका पूर्वप्रधानमन्त्री नेपाललाई शीर्ष नेताहरुले स्वास्थ्यलाभको कामना पनि गर्नुभएको थियो ।

## प्रदेशका दुई मन्त्री बर्खास्त

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

केन्द्रमा नयाँ गठबन्धन भएसँगै गण्डकी प्रदेश सरकारमा पनि त्यसको असर परेको छ । नेपाली कांग्रेस नेतृत्वमा रहेको प्रदेश सरकारमा रहेका माओवादी केन्द्रका दुई जना मन्त्रीलाई सरकारले बर्खास्त गरेको हो ।

प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेकपा माओवादी केन्द्रबाट मन्त्री हुनु भएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जाली र सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशील सिंखडालाई बर्खास्त गर्नु भएको हो । दुई मन्त्रीलाई बर्खास्त गरेसँगै उहाँले उक्त मन्त्रालयको कार्यभार हाल आफुले नै सम्हाल्ने गरी आफ्नो मातहातमा राख्नु भएको हो । गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मुख्यमन्त्रीको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मन्त्रि परिषद्को गठन गरी कार्यविभाजन गरेको मंगलबार जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको मुख्यमन्त्री/मन्त्री सुरेन्द्रराज पाण्डेले सम्हाल्नु भएको छ । अन्य मन्त्रीहरुमा कांग्रेसकै भएकोले पहिलाकै मन्त्रीहरु रहनु भएको छ । प्रदेशको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री सरस्वती अर्याल तिवारी, कृषि तथा भूमि व्यवस्था मन्त्रीमा महेन्द्रध्वज जी.सी., आर्थिक मामिला मन्त्रीमा जितप्रकाश आले मगर र उद्योग, पर्यटन, वन र वातावरण मन्त्रीमा दिपेन्द्रबहादुर थापा रहनु भएको छ । गण्डकी प्रदेशमा ११ जिल्लाका ६० जना सांसदहरु मध्य एमालेका २२, कांग्रेसका २७, माओबादी केन्द्रका सभामुख सहित ८, राप्रपाका २ र एक जना समाजवादीका सांसदहरु रहनु भएको छ । बहुमतको सरकार बनाउन कम्तिमा ३१ सांसद आवश्यक हुन्छ ।

केन्द्रमा नेकपा माओवादी केन्द्रले नेपाली कांग्रेसको गठबन्धन तोडेर नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र जसपा नेपालसँगको नयाँ गठबन्धन बनाएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबै मन्त्रीहरु हटाएर सोमबार नै तीन जना मन्त्री नियुक्त गर्नु भएको हो ।

## भानुभक्त जन्मस्थललाई सङ्घीय सरकार मातहत राख्न माग

पोखरापत्र संवाददाता
तनहुँ, २२ फागुन

भानु चुँदीरम्घामा रहेको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिलाई सङ्घीय सरकार मातहतमा राख्न भानु नगर कार्यपालिकाले निर्णय गरेको छ ।

नेपालीको भाषिक एकताको प्रतीक राष्ट्रिय विभुति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल विकास समितिलाई नेपाल सरकारको स्वमित्वमा राख्ने गरी सञ्चालन गर्न नगरपालिकाले निर्णयसहित माग गरेको हो । आचार्यको जन्मस्थल क्षेत्रको महत्व सङ्कुचनमा पर्ने हुँदा उक्त क्षेत्रलाई बृहत्तर सोचका साथ विकास गर्न पुनः विकास समिति ऐन २०१३ बमोजिम गठन र सञ्चालन गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको नगर प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो ।

गत माघ २५ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन आदेश २०७७ खारेज गरी उक्त आदेशबमोजिम खारेजीमा परेको संस्थाको सम्पत्ति, दायित्व, काम गर्न बाँकी रहेका परियोजना तथा कार्यरत जनशक्तिलाई नगरपालिकाले अविलम्ब स्वमित्व ग्रहण गर्न सङ्घीय सरकारमार्फत पत्र प्राप्त भएको थियो ।

## कांग्रेसले संसद्मा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

साथै पार्टीले संसद्मा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने निर्णय लिएको छ ।

पार्टी सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा आज बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले उक्त निर्णय गरेको महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

बैठकले २०७९ मङ्सिर ४ गते सम्पन्न आमनिर्वाचनमा साझा ढङ्गले गरिएका वाचा र निर्वाचनमार्फत मतदाताले दिएको कार्यादेशप्रति कांग्रेस प्रतिबद्ध रहेको तर त्यो कार्यादेशलाई बेवास्ता गर्दै प्रधानमन्त्री दाहालले अविश्वसनीयरुपमा अन्य राजनीतिक दलसँग सहकार्य गर्ने निर्णय गरेपछि त्यसप्रति असहमति जनाउँदै समर्थन फिर्ता लिएको उहाँले बताउनुभयो ।

संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै सुधारोन्मुख अर्थतन्त्रलाई गति प्रदान गर्दै नागरिक पङ्क्तिमा नवीन आशा जगाएर अघि बढ्नुपर्ने समयमा गठबन्धन नियोजित ढङ्गले भत्काइएको निष्कर्ष बैठकले निकालेको महामन्त्री शर्माले जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालको यो कदमले अन्योल र अस्थिरतालाई बढावा दिएको कांग्रेसको ठम्याइ छ । बैठकले यो घटनालाई गम्भीर ढङ्गले लिँदै संसद्मा प्रतिपक्षको भूमिका सशक्तरुपमा निर्वाह गर्ने निर्णय गरेको छ । बैठकले स्वदेश र विदेशमा रहेका कांग्रसका सदस्य, समर्थक र शुभचिन्तकहरुलाई बदलिएको परिस्थितिमा एकताबद्ध भएर देश र नेपाली नागरिकप्रतिको आफ्नो जिम्मेवारी निर्वाह गर्दै सङ्गठनमा समर्पित हुन अपिल गरेको छ ।

## टी-२० को उपाधि नेदरल्याण्ड्सलाई

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय शृखलाको उपाधि नेदरल्याण्ड्सले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हजारौ दर्शकलाई निशब्द बनाउँदै नेदरल्याण्ड्सले चार विकेटको रोमाञ्चक जित निकाल्यो । नेपालले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य नेदरल्याण्ड्सले १९ दशमलव तीन ओभरमा छ विकेटको क्षतिमा पूरा गर्‍यो ।

नेदरल्याण्ड्सको जितमा माइकल लेभिटले अर्धशतकीय पारी खेले । बिस्फोटक ब्याटिङ गरेका उनले २९ बलमा तीन छक्का र छ चौकाको सहयोगमा ५४ रन बनाए । म्याक्स ओ डाउडले २३ बलमा एक छक्का र दुई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुग्लिन पोखरा सडक : पूर्वी खण्डमा ५० र पश्चिम खण्डमा १७ प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
दमौली, २२ फागुन

मुग्लिन पोखरा सडक विस्तार अन्तर्गत पूर्वी खण्डमा ५० प्रतिशत र पश्चिम खण्डमा १७ प्रतिशत प्रगति भएको छ ।

आँबुखैरेनीदेखि जामुनेसम्मको पूर्वी खण्डमा ५० प्रतिशत काम सकिएको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्वी खण्डमा २० किलोमिटर खण्ड कालोपत्र भइसकेको छ । आँबुखैरेनी, बन्दीपुर र व्यास नगरपालिकाका विभिन्न भागमा गरी १२ किलोमिटर दुईतर्फी र आठ किलोमिटर एकतर्फी खण्ड कालोपत्र सकिएको छ । आगामी वैशाख मसान्तसम्म दमौली बजारसम्म कालोपत्र गरिसक्ने लक्ष्य लिइएको छ । त्यसका लागि दमौली बजारमा सडक मापदण्डभित्रका घर भत्काउने



काम जारी छ । दमौली बजारमा ७५ घरटहरा हटाइनेछ । अन्यत्र कामले गति लिए पनि दमौली बजारमा घर भत्काउन ढिलाइ हुँदा काम हुनसकेको थिएन । अहिले घरधनी स्वयम्ले घर भत्काउन सुरु गरिसकेकाले त्यसपछि दमौली खण्डमा पनि कामले गति लिने पाण्डेको भनाइ छ । पूर्वी खण्डका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । कूल ४१ दशमलव ४५ किमि लम्बाइको यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । सो खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्म पनि कालोपत्रको काम अगाडि बढेको छ । तनहुँको म्याग्दे गाउँपालिकास्थित जामुने, शुक्लागण्डकी नगरपालिकास्थित हलेदली र कोत्रेमा कालोपत्र भइरहेको छ । पोखरा खण्डमा पनि केही दूरीमा कालोपत्र भएको छ । पश्चिम खण्डमा हालसम्म एकतर्फी छ किलोमिटर सडक कालोपत्र भएको छ ।

पश्चिम खण्डका इन्जिनियर एवं आयोजनाका सूचना अधिकारी नारायण पौडेलले यस खण्डमा पनि कालोपत्रको कामलाई तीव्रता दिइएको बताउनुभयो । पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो ।

यस खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुवान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म छ । यो खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लमजुङ र गोरखाका पालिकामा अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

गण्डकी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्र्तगत लमजुङ र गोरखाका जिल्लाका विभिन्न पालिकामा सञ्चालित कार्यक्रमको अनुगमन, अवलोकन, पालिकाहरुले गरेका असल अभ्यासहरुको अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्र्तगत लमजुङ जिल्लाको सुन्दर बजार नगरपालिका, बेसीसहर नगपालिका, गोरखा जिल्लामा रहेको सिरानचोक गाँउपालिका र अजिरकोट गाँउपालिकामा सञ्चालित स्थानीय शासन सहयोग कार्यक्रमको अनुगमनसंग प्रदेश समन्वय समितिका सदस्यहरु र पीलकाका प्रमुख उपप्रमुखवीच अनुभव आदान प्रदान गरिएको हो । पालिकाहरुले सुचना प्रविधि, कृषि, पर्यटन र सेवा प्रवाहका क्षेत्रमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालन गरेका छन् ।

पिएलजीएसपी कार्यक्रमको सहयोगबाट निर्माण भएका योजनाहरुको प्रगति कार्यान्वयन अवस्था, विद्यमान कानुनी व्यवस्था र आवश्यक कानुन निर्माण, न्यायिक समितिको कार्य प्रगति तथा अन्र्तक्रिया, नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको प्रगति अवस्था र



आगामी योजना र सफल तथा असल अभ्यासहरु बारे अनुगमन, अन्र्तक्रिया र अनुभव अदान प्रदान गरिएको गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालयका सचिव यमुना प्रधानले जानकारी दिनुभयो । सञ्चालित कार्यक्रमको अनुगमनका लागि गण्डकी प्रदेश समन्वय समिति रहेको छ ।सोही समितिले पालिकाहरुमा सञ्चालित कार्यक्रम बारे अनुगमनसंगै अनुभव आदान प्रदान गरेको हो । पोखरा महानगरपालिका उपप्रमुख एवं अनुगमन समिति सदस्य मञ्जुदेवी गुरुङको संयोजकत्वको समितिमा सदस्य भानु नगरपालिका उपप्रमुख उमा गोतामे, गोरखा नगरपालिकाका उपप्रमुख मसलीमाया थोकर, आबुखैरेनी गाउँपालिका उपाध्यक्ष दुर्गा अर्याल, बागलुङको बरेङ्ग गाँउपालिका अध्यक्ष कृष्णप्रसाद शर्मा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव यमुना प्रधान, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालका शाखा अधिकृत सन्दिप ढुंगाना, कम्प्युटर अधिकृत सञ्जन भुर्तेल, रजनी थापा मगर सहितको टोलीले कार्यक्रमको अनुगमन गरेको हो ।अनुगमनका क्रममा पालिकाहरुबाट भैरहेका सेवा प्रवाह, न्यायिक समितिले सम्पादन गरिरहेका कार्यहरु बारेमा छलफल भएको थियो ।छलफलमा पालिकाहरुले स्थानीय शासन कार्यक्रम प्रभावकारी रहेको बताउनुभयो ।

स्थानीय शासन कार्यक्रम प्रभावकारी भएपनि आफना सुझावहरुलाई प्रदेश सरकारले कार्यान्वयन नगरेको गोरखाको अजिरकोट गाँउपालिकाका अध्यक्ष वीरेन्द्र देवकोटाले गुनासो गनुभयो । उहाँले स्थानीय तहलाई सबल र सक्षम बनाउनुपर्नेमा प्रदेश सरकारले वितरण गर्ने खुद्रे बजेटले गुणस्तरीय काम हुन नसकेको बताउनुभयो । उहाँले जसअपज पाउने स्थानीय सरकार भएपनि सरकारको मान्यता दिन प्रदेश र संघले कन्जुस्याइँ गरेको गुनासो गर्नुभयो ।उहाँले न्यायिक समितिलाई प्रभावकारी बनाउन कानुन अधिकृतको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । अध्यक्ष देवकोटाले मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम मार्फत गाँउपालिकालाई एग्रो टुरिजमका रुपमा विकास गर्न लागेको बताउदै पर्यटनका लागि सम्भवाना बोकेको बताउनुभयो । बरेङ्ग गाँउपालिका अध्यक्ष कृष्णप्रसाद शर्माले शिक्षा, स्वास्थ्य र कृषिमा अरुपालिका भन्दा नयाँ गरे जस्तो लागेको बताउनुभयो । त्यस्तै नेपालको संविधानले व्यवस्था गरेको न्यायिक समितिले सम्पादन गरेका कार्यहरुको बारेमा पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले आफनो अनुभव सुनाउदै न्यायिक समितिलाई सफल बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले न्यायिक समिति असफल हुदाँ उपप्रमुख र उपाध्यक्ष असफल हुने भएकाले संविधानले व्यवस्था गरेको न्यायिक समितिलाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले स्थानीय तहका समस्या एउटै हुन भएकाले सहकार्य र समन्वय मार्फत समाधान गर्नुपर्नेमा जोड दिदै जनप्रतिनिधिलाई सफल बनाउन कर्मचारीका भुमिका महत्वपूर्ण भएको दुवै मिलेर जादाँ नयाँ शासन ब्यवस्था सफल हुने बताउनुभयो ।

# राष्ट्रिय माविको हीरक महोत्सव निःशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयमा निःशुल्क स्वास्थ्य शिविर सुरु भएको छ ।

विद्यालयमा अध्य्यनरत विद्यार्थीहरुको लागि आयोजना गरिएको दुई दिने शिविरको पहिलो दिन मंगलबार तीन सय १० जना विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गरिएको छ । शिविर बुधबारसम्म चल्नेछ । विद्यालयका पुर्व विद्यार्थी समेत रहेका हिरक महोत्सव स्वास्थ्य शिविर कार्यक्रम उपसमितिका संयोजक वरिष्ठ फिजिसियन डा वसन्त ताम्राकार, अर्का पुर्व विद्यार्थी वालरोग विशेषज्ञ डा विनोद तुलाचन सगै डा अमृत त्रिपाठी र डा प्रदिप नागिला सगै अन्य स्वास्थ्यकर्मीहरु सहभागि रहेका थिए । टोलीलाई पोखरा महानगरपालिका वडा नम्बर १ स्थित शहरी स्वास्थ्य केन्द्र, बगरका स्वास्थ्यकर्मीहरुले समेत आवश्यक सहयोग गरेका थिए ।

संयोजक ताम्राकारका अनुसार विशेष गरि शिविरमा साना वालवालिकाहरुको मुटुको परिक्षण गरि जन्मजात कुनै समस्या छ छैन् त्यसको जाँच गरिएको र कक्षा ११ र १२ का विद्यार्थीहरुको रक्त समुह छुट्



याउने काम गरिएको जानकारी दिए । उनले विद्यालयका अध्य्यन गर्ने विद्यार्थीहरुको उपचारका लागि आफुले आफनो ठाँउबाट आउदा दिनमा समेत सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । विद्यालयका प्रधानाध्यापक ईश्वरी सापकोटाका अनुसार पहिलो दिन इसिडि देखी कक्षा पाँच सम्मका गरि एक सय ६० जना सगै कक्षा ११ र १२ का एक सय ५० जना विद्याथीहरुको परिक्षण गरिएको हो । यस अघि शिविरको उद्घाटन पोखरा महानगरपालिका वडा नम्बर १ का अध्यक्ष सहारा प्रधानले गरेका थिए ।

२० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक महोत्सव २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाईरहेको छ । यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ गरिएको थियो । हिरक महोत्सव अन्र्तगत यस अघि २७ माघमा विद्यालयले खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा ७५ युनिट रगत संकलन भएको विद्यालयका अध्यक्ष राम विक्रम राणाले जानकारी दिए । हिरक महोत्सव अन्र्तगत आउदो ८ बैशाख ०८१ मा विद्यालयमा अध्यूयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु बिच परिचय सगै अनुभव आदान प्रदानको गर्ने उदेश्यले पुनमिलन समारोह आयोजना हुने विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष एंव हिरक महोत्सव प्रचार प्रसार उपसमितिका सहसंयोजक रमेश प्रसाद पौडेलले जानकारी दिए ।

# खानपिनमा ध्यान दिदै शारीरिक व्यायम गरी मोटोपन घटाउन चिकित्सकको सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

खानपिनमा बिषेश ध्यान दिदै शारीरिक व्यायम गरी मोटोपन घटाउन चिकित्सकहरुले सुझाव दिनु भएको छ ।

मोटोपन दिवसको सन्दर्भमा पोखरा नयाँबजारमा रहेको बिद्याज डाइट एण्ड र फिट्नेस सेन्टरले सोमबार पोखरामा आयोजना गरेको छलफल कार्यक्रममा चिकित्सकहरुले उक्त सुझाव दिनु भएको हो । रातो मासु, सुकाएका तथा पोलेको मासु नखाने, तेलमा पकाइएको खाना कम खाने, धेरै भन्दा धेरै फलफुल र सागसब्जी खाने, चना र अंकुरित चनाको सेवन गर्ने, शरीरका वजनलाई संतुलित राख्नका लागि प्रतिदिन शारीरिक व्यायम गर्न चिकित्सकहरुले सुझाव दिनु भएको हो । त्यसैगरी कार्वोहाइड्रेड प्राप्त गर्ने खाने




कुरामा कम गर्दै प्रोटिन प्राप्त गर्ने खानेकुरामा जोड गर्न छलफलमा सहभागी चिकित्सकले आग्रह गर्नु भएको हो । भोजनमा चिनी कम, अल्कोहल कम गरी दुधको मात्रा बढाउन सुझाव दिइएको छ । कलाकार क्षेत्रलाल कायस्थको अध्यक्षतामा भएको कार्यक्रममा फिजिसियन डा.बसन्त ताम्राकार, वरिष्ठ परामर्शदाता चिकित्सक डा. खड्गबहादुर गुरुङ, वरिष्ठ फिजियोथेरापिस्ट डा. सुवास भट्टराई, वरिष्ठ ग्यास्ट्रोएन्टेरोला'जिस्ट डा.विद्या कायस्थ, पश्चिमाञ्चल माविका संस्थापक मिनु कुवंर श्रेष्ठ लगायतले विश्व मोटोपना दिवसको सन्र्दभमा मानव शरीरमा मानवका कारण अधिकांश मोटोपन हुने जसले धेरै समस्या ल्याउने हुँदा समयमै यसको रोकथाम गर्न सुझाव दिनु भएको हो ।

कार्यक्रममा नर्स नम्रता थापा पौडेलले सहजीकरण गरेको निराजन कायस्थले बताउनुभयो ।

# टि-२० को ...

चौकाको सहयोगमा २२ रन बनाए ।

उत्कृष्ट सुरुआत गरेको नेदरल्याण्ड्सका लागि ओपनरद्वय लेभिट र ओ डाउडले पहिलो विकेटका लागि ८३ रनका साझेदारी गरे । नवौं ओभरमा बलिङका लागि आएका कुशल मल्लले आफ्नो पहिलो ओभरमा दुई विकेट लिँदै नेपाललाई राहत दिलाए पनि त्यो जितका लागि पर्याप्त भएन । उनले नवौं ओभरको पहिलो बलमा म्याक्स ओ डाउडलाई दीपेन्द्र सिंह ऐरीबाट क्याच आउट गराए भने सोही ओभरको पाँचौ बलमा माइकल लेभिटलाई कप्तान रोहित पौडेलबाट क्याच आउट गराउँदै पवेलियन फर्काए । नेदरल्याण्ड्सले एक सय ३४ रन छँदा तेस्रो विकेटका रूपमा विक्रम जित सिंहलाई गुमायो । नेदरल्याण्ड्सले एक सय ६६ रन बनाउँदा पाँचौ विकेटका रूपमा साइब्राण्ड एङ्गलब्रेक्टलाई गुमायो । साथै छैटौं विकेटका रूपमा एक सय ७३ रन छँदा तेजा निदामानुरु दुई रनमा आउट भए ।

# पोखरा १६ मा लागु औषध रोकथाम सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

पोखरा महानगर पालिका वडा नं. १६ मा लागु औषध रोकथाम सचेतना प्रशिक्षण तथा पर्चा वितरण गरिएको छ ।

लागु पदार्थ नियन्त्रण तथा समाज सुधार आमा समुह नेपाल कास्कीको आयोजनामा भएको कार्यक्रममा लागु औषध सेवनले पार्ने प्रभाव, समाजमा वद्दो विकृति र युवा युवतीमा देखिएको लागु औषध प्रयोगको प्रभावका विषयमा वडाभित्र क्रियाशिल विभिन्न आमा समुहका प्रतिनिधीलाई प्रशिक्षण दिईएको वडा सदस्य मञ्जु नेपालीले जानकारी दिनुभयो ।कार्यक्रमको उद्घाटन गर्दै वडा सदस्य रामचन्द्र आचार्यले लागु औषधवाट बद्दो विकृति अनत्य गर्न सवै पक्ष जागरुप हुनुपर्नेमा जोड दिनुभयो ।वडा कार्यालय पोखरा १६ को सहयोगमा भएको कायृक्रममा सहभागीलाई




प्रहरी सहायक निरिक्षक सौगात कुँवर, प्रहरी हवल्दार गौतम कुमार हायु र रामजी लम्सालले सहजीकरण गर्नुभएको थियो । समुहका विष्णु गुरुङको संयोजकत्वमा भएको कार्यक्रममा वडा सदस्य मञ्जु नेपाली, रामप्रसाद अधिकारी, सल्लाहकार तारानाथ शर्मा, आमा समुहका प्रतिनिधी तारा भट्टराई, नन्दा गुरुङ,कृष्णकुमारी विक, गोमा आचार्य, चन्दा जिसी लगायतले लागु औषधको प्रयोग तथा दुर्व्यसनी रोक्न प्रत्यक परिवारले भुमिका खेल्नुपर्ने वताए । समुहका अध्यक्ष कल्पना आचार्य बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव विद्या पौडेल अधिकारीले गर्नुभएको थियो । सोही भेलाले तारा भट्टराइको संयोजकत्वमा १५ सदस्यीय लागु पदार्थ नियन्त्रण तथा समाज सुधार आमा समुह वडा स्तरिय समिति गठन गरेको छ ।कार्यक्रममा लागु औषध नियन्त्रण व्युरो पोखरा, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा बगरले सहकार्य गरेका थिए ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दु:खपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# कांग्रेसको समर्थन फिर्ता

प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले काङ्ग्रेससँगको गठबन्धन तोडेपछि नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। गतवर्ष पोष १० गते बनेको गठबन्धनमा सामेल दल फेरि नयाँ गठबन्धन बनाउन सहमत भएका छन। मंगलबार पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको कांग्रेस केन्द्रीय कार्य सम्पादन समितिको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको उपसभापति धनराज गुरुङले जानकारी दिए।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै भन्नुभयो, "हाम्रो कार्य सम्पादन समितिको बैठकमा विशेष गरेर पुष्पकमल दाहाल 'प्रचण्ड' लाई जुन समर्थन गरेका थियौँ, विश्वासको मत दिएका थियौँ, आजको बैठकबाट समर्थन फिर्ता लिएका छौँ । काङ्ग्रेसले समर्थन फिर्ताको कारणपट्टि नजाऔँ, धेरै कारण छन् । हामीले दिएको समर्थन फिर्ता लियौँ, धेरै भनिरहनु पर्दैन । अनौपचारिक वार्ता पनि पटक-पटक भयो । मन्त्रीको कारणभन्दा पनि राजनीतिक चलखेल, नेपालको राजनीतिक प्रवृत्ति नै हो।" काङ्ग्रेस राष्ट्रियताको विषयमा कमजोर देखिन्छ। आफुबाहेक अरुले गठबन्धन बनाए चलखेल भनेर आरोपित गर्ने गरेको छ।

सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकले पाँच बुँदे निर्णय पनि सार्वजनिक गरेको छ। बैठकको निर्णयमा भनिएको छ, "नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको यो बैठक नेकपा (माओवादी केन्द्र) का अध्यक्ष श्री पुष्पकमल दाहालको नेतृत्वमा रहेको वर्तमान सरकारलाई नेपाली कांग्रेसले दिएको समर्थन फिर्ता लिने निर्णय गर्दछ।" कांग्रेसले आफ्नो प्रेस विज्ञप्तिमा भनेको छ, "२०७९ मंसिर ४ मा सम्पन्न निर्वाचनमा साझा ढंगले गरिएका वाचा र निर्वाचनमार्फत मतदाताले दिएको म्याण्डेडप्रति नेपाली कांग्रेस प्रतिबद्ध रहिआएको थियो । तर त्यो म्याण्डेडलाई कुठाराघात गर्दै दोस्रो पटक पनि उहाँ अविश्वसनीय ढंगले अग्रसर हुनु भएपछि नेपाली कांग्रेस सहमत रहन सक्ने र विश्वास राख्न सक्ने स्थिति रहेन।

संविधान रक्षा र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै, क्रमशः सुधारोन्मुख अर्थतन्त्रमा गति प्रदान गर्दै, नागरिक पंक्तिमा नवीन आशा जगाएर अघि बढ्नुपर्ने समयमा कपोलकल्पित कारण देखाएर गठबन्धन भत्काउनु नियोजित देखिएको त छ नै प्रधानमन्त्रीको यो कदमले अन्यौल र अस्थिरतालाई बढावा दिएको छ। कार्यसम्पादन समितिको यो बैठक यो घटनालाई गम्भीर ढंगले लिंदै संसदमा प्रतिपक्षको भुमिका सशक्त र प्रभावकारी ढंगले निभाउने निर्णय गर्दछ।" सरकारलाई गलत बाटोमा जान नदिन बलियो प्रतिपक्षी चाहिन्छ। काङ्ग्रेसले विपक्षमा रहेर सशक्त भुमिका देखाउन सकेमा सरकार गलत बाटोमा जानबाट बच्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाब |
| कन्या | : स्वस्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गाउँमा म्याद गुज्रेका पेयपदार्थ

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ फागुन

बागलुङ्का ग्रामीण बजारका अधिकांश पसलमा म्याद गुज्रेका पेयपदार्थ फेला परेका छन् ।

जिल्ला प्रशासन कार्यालय, उपभोक्ता मञ्च, बागलुङ नगरपालिका, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय र पर्यटन कार्यालयको संयुक्त अनुगमन टोलीले अनुगमनका क्रममा म्याद गुज्रेका सामग्री फेला पारेको हो । अनुगमन टोलीले बागलुङ नगरपालिका-१४ नारायणस्थान र १३ पैँयुपाटाका पसलमा अनुगमन गरेको थियो।

व्यवसायीले म्याद गुज्रेका सामग्री र उपभोग्य सामग्री एकै ठाउँमा राखेर बिक्री गरेको फेला परेपछि सबै पेय पदार्थ जफत गरेर नष्ट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । "जुन पसलमा पस्यो उसैमा म्याद गुज्रेका पेय पदार्थ भेटिए, हामीले स्थानीय जनप्रतिनिधिको रोहवरमा नष्ट गरेर सचेत गराएका छौँ", बरालले भन्नुभयो, "उपभोक्ता र बिक्रेतामा अझै पनि सचेतनाको आवश्यकता देखियो ।" कोकाकोला कम्पनीका कोक, फेन्टा, स्प्राइट सबैभन्दा धेरै म्याद गुज्रेका भेटिएका थिए । अघिल्लो गर्मीयाममा राखेका पेय पदार्थको म्याद गुज्रेको व्यवसायीले ख्याल नगरेको पाइएको हो । "पटक-पटकभन्दा पनि कम्पनी र डिलर फिर्ता लिन आउँदैनन्, बेच्न आउँदा जबरजस्ती धेरै भिडाएर जान्छन्, बिक्री हुन्न अनि म्याद गुज्रिन्छ", नारायणस्थानका स्थानीय व्यवसायी महेन्द्र जिसीले भन्नुभयो, "ठूला व्यवसायीका कारण मर्का पर्ने गरेको छ ।" केही पसलहरूले उचित भण्डारण नगरेको, म्याद गुज्रेका सामग्री अलगै राखेको नपाइएको र रङ मिसिएका खाद्य वस्तु बिक्री गरेको पाइएको उपभोक्ता मञ्च बागलुङ्का अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले बताउनुभयो । "हामीले उपभोक्ताको मागलाई ध्यानमा राखेर पसल अनुगमन गर् यौँ", उहाँले भन्नुभयो, "तर बजारका अधिकांश पसलमा म्याद गुज्रेका सामग्री पाइयो, यो निकै डरलाग्दो स्थिति हो।" पहिलो पटकका लागि सचेत गराइएको र दोहोरिए कारबाही गर्ने चेतावनी दिएको उहाँले बताउनुभयो । अनुगमनका क्रममा भेटिएका सामग्रीमध्ये पीठो, फुरन्दाना, दालमोठ, बिस्कुट, चक्लेट, महलगायत खाद्य सामग्री पनि जफत गरिएको थियो। जफत गरिएका सामग्री व्यवसायी र स्थानीयकै रोहवरमा नष्ट गरिएको थियो । सोमबार बजारमा खाद्यान्न पसल अनुगमनका लागि टोली खटिएपछि पैँयुपाटा र नारायणस्थानका केही खाद्यान्न पसल गरेर बसेका व्यवसायीको भागाभाग भएको थियो । नारायणस्थानबाट अनुगमन थालिएपछि अधिकांश खाद्यान्न पसल बन्द गरेर व्यवसायी भागेका थिए । प्रशासनले यसपटक पसल बन्द गरी भागे पनि अर्को पटकको अनुगमनमा कसैलाई पनि उन्मुक्ति नदिने जनाएको छ । प्रशासनका प्रतिनिधि प्रहरी पनि भएकाले वडाका जनप्रतिनिधि र प्रहरीले जुनसुकै बेला अनुगमन गर्नसक्ने बरालले बताउनभयो। बलेवाका बजारमा रङ मिसिएका मिठाई तथा अन्य खाद्यपदार्थलाई पनि कठाइका साथ हेरिएको थियो। जेरी, झिनिया, केक र मिठाइमा आखाद्य रङ मिसिएको भेटिएपछि तत्काल जफत गरेर नष्ट गरिएको थियो।

# सुदूरपश्चिममा दुई मन्त्री र एक राज्यमन्त्री पदमुक्त

**रासस**
काठमाडौं, २२ फागुन

सुदूरपश्चिम प्रदेश सरकारका दुई मन्त्री र एक राज्यमन्त्री पदमुक्त हुनुभएको छ । मुख्यमन्त्री कमलबहादुर शाहको सिफारिसमा प्रदेश प्रमुख देवराज जोशीले उहाँहरूलाई पदमुक्त गर्नुभएको हो।

पदमुक्त हुनेमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट सरकारमा सहभागी सामाजिक विकासमन्त्री झपटबहादुर साउद, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामी र उद्योग, पर्यटन तथा वातावरण राज्यमन्त्री गीतादेवी माल हुनुहुन्छ । साथै मन्त्रीद्वय साउद र धामीले सम्हाल्दै आएको मन्त्रालय मुख्यमन्त्री शाहले आफू मातहत राख्नुभएको छ । मुख्यमन्त्री शाहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा सरकारका दुई मन्त्री र एक राज्यमन्त्रीलाई पदमुक्त गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "केन्द्रमा सत्तासमीकरण फेरिएपछि प्रदेश सरकारमा मन्त्री हेरफेर गर्नुपरेको हो, प्रदेशको विकास र समृद्धिका लागि म सबै दलसँग वार्ता, संवाद सहमतिका लागि खुला छु।"


**अनलाइन पत्रिकाको कम्पनीको नाम परिवर्तन गरिएको सूचना ।**

तेस्रो पटक प्रकाशित मितिः २०८०/११/२३

www.atozpatrika.com नामक अनलाइन पत्रिका एटुजेट पत्रिका प्रा.लि.को नामबाट प्रकाशित/प्रसारित हुदै आएकोमा कम्पनीको नाम परिवर्तन गरी पोखरा क्लिक प्रा.लि.को नामबाट अब www.pokharaclick.com प्रकाशित/प्रसारित हुने जानकारी गराउदछौं ।

प्रकाशकः
www.atozpatrika.com
पोखरा २२, कास्की


# विद्यालयलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयबाट ल्यापटप

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ फागुन

बागलुङ्को जैमिनी नगरपालिका-१ को वडा कार्यालयले वडाभित्र रहेका पाँच सामुदायिक विद्यालयलाई ल्यापटप उपलब्ध गराएको छ।

विद्यालयलाई प्रविधिमैत्री बनाउने उद्देश्यले विद्यालयबाट माग भई आएका निवेदनका आधारमा ल्यापटप वितरण गरिएको हो । प्राथमिक तह सञ्चालनमारहेकाविद्यालयलाई प्रविधिमैत्री शिक्षण सिकाइका लागि ल्यापटप उपलब्ध गराइएको वडाध्यक्ष विष्णु आचार्यले बताउनुभयो।

विद्यालयमा मात्रै नभई प्रयोगात्मक काममा विद्यालय बाहिर जाँदा पनि ल्यापटप लैजान सजिलो हुने भएकाले विद्यालयलको मागका आधारमा ल्यापटप हस्तान्तरण गरिएको उहाँले बताउनुभयो।

वडाध्यक्ष आचार्यका अनुसार कुश्मी प्राथमिक विद्यालय, सिद्धिगणेश प्राथमिक विद्यालय, जनचेतना प्राथमिक विद्यालय, सरस्वती प्राथमिक विद्यालय र जैमिनी प्राथमिक विद्यालयलाई ल्यापटप प्रदान गरिएको छ । वडा कार्यालयमा आयोजित एक समारोहमा नगर शिक्षा अधिकारी खेम आचार्यले विद्यालयका प्रधानाध्यापकलाई ल्यापटप हस्तान्तरण गराउनुभएको थियो।

वडामै रहेका शान्ति माध्यमिक विद्यालय र पल्लोपाखा सामुदायिक माध्यमिक विद्यालयलाई भने अन्य कार्यक्रममा सहभागी गराइने उहाँले बताउनुभयो।

चालु आर्थिक वर्षमा प्राथमिक विद्यालयमा ल्यापटप वितरणका लागि वडा कार्यालयले रु तीन लाख ५० हजार विनियोजन गरेको थियो। उहाँका अनुसार प्रतिल्यापटप रू ७० हजारका दरले खरिद गरिएको हो । "कम्तीमा प्राविधिक विषय प्रोजेक्टरका माध्यमबाट पढाउन सकियोस्, विद्यार्थीलाई शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्न सकियोस् भन्ने हो", वडाध्यक्ष आचार्यले भन्नुभयो, "यो सुरुआत हो, यसको नतिजाका आधारमा बाँकी कार्यक्रम बनाउँछौँ ।" सामाजिक विकासका क्षेत्रमा पूर्वाधार विकासमा भन्दा धेरै लगानी गर्ने वडाको योजना छ।

# निसेलढोरवासी भन्छन्- 'सडक आयो, मोबाइलटावर भयो, विद्युत् सुविधा भएन'

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ फागुन

बागलुङ्को निसीखोला गाउँपालिका-५ निसीलढोरका स्थानीय बिरामी परे उपचारका लागि एक दिन पूरै धाएर बुर्तिबाङ बजार आउनुपर्थ्यो।

आफन्तलाई फोन गर्न गाउँमाथिको अग्लो डाँडामा पुग्नुपर्थ्यो । तर अहिले त्यो दुवै समस्या समाधान भएको छ । एक दशक अगाडि नै मोटरबाटो पुगेको हुँदा यात्रामा पनि सहज नै छ। तर अहिलेसम्म अन्धकारमा बस्न बाध्य स्थानीयले गाउँमा विद्युत् ल्याइदिन माग गरेका छन् । जिल्लाको सबैभन्दा दुर्गम मानिने निसलढोरका स्थानीयले गोबरको गुइठा, दियालो र टुकीको भरमा रात कटाउने गरेका छन् ।

सामान्य भए पनि स्वास्थ्य सेवा दिने हिसाबले गाउँपालिकाले गत जेठ महिनामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सेवा प्रवाह गर्दै आएको छ । नेपाल टेलिकमले निसीखोलाको शिरमा टावर निर्माण गरेर गत असोजबाट मोबाइल 'नेटवर्क' सञ्चचालन गरेको छ । गाउँमा हुनेखानेले त सौर्य ऊर्जा (सोलार)को प्रयोग गरेका छन् भने सामान्य परिवार अन्धकारमै छन् । स्थानीय मनबहादुर विकले गाउँमा विस्तारै विकासले गति लिन थाले पनि वर्षौंदेखि अन्धकारमा बस्नुपर्ने बाध्यता हट्न नसकेको गुनासो गर्नुभयो। विद्युत्को सुविधा नहुँदा मोबाइल फोनमा टावरले काम गरे पनि बैंसीमा बस्ने आफन्तसँग कुराकानी गर्न नपाइने उहाँको भनाइ छ । एउटा मोबाइल फोन चार्ज गर्नका लागि तीन घण्टा हिँडेर ढोरपाटन उपत्यका पुग्नुपर्ने स्थिति रहेको उहाँले बताउनुभयो।

"गाउँका विकास नभएको होइन, विस्तारै हुँदै छ, हाम्रो मुख्य समस्या अहिले बिजौली (बिजुली) बत्तीको छ, सरकारलाई हाम्रो पीडा सुनाएका छौँ, कहिले आउँछ भन्ने अत्तोपत्तो छैन, आउन त आउला एक दिन तर हामीहरूलाई निकै खाँचो छ", विकले भन्नुभयो, "पहिला-पहिले बैंसी (निसीगाउँ)मा बस्दा त बिजौलीको सुविधा थियो, यहाँ आएपछि तर अँध्यारोमा बस्नुबाहेक अरु विकल्प छैन, सानो मोबाइल चलाउँछु चार्ज गर्न ढोरपाटन पुग्नुपर्छ, कहिलेकाहीँ अतेरलाग्दा आफन्तलाई फोन गर्नुपर्छ ।" पाँच वर्ष अगाडिसम्म निसेलढोर निसीका स्थानीय बर्खामा पुशचौपाय चरन र खेतीपातीका लाग आउने गर्थे भने हिउँदमा बैंसीमै बस्थे। तर अहिले करिब ६० घर परिवार बाह्रै महिना यही बस्न थालेका छन्। स्वास्थ्य संस्था सञ्चालनमा आएपछि बुर्तिबाङ जानुपर्ने समस्या समाधान भएको स्थानीय कलीकुमारी सुनारले बताउनुभयो । विद्युत् नहुँदा साँझ पर्दाबित्तिकै खाना खानुपर्ने र बालबालिकाले साँझमा पढ्न नपाउने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यो ठाउँमा कहिले बिजुली आउँछ ?, कि हामी सधैँ यस्तै अँध्यारोमा बस्नुपर्ने हो ?, सबै ठाउँमा पुग्यो यहाँ अहिलेसम्म नआउँदा हामीहरू निकै मर्कामा छौँ, हाम्रो समस्या बुझ्ने नेता नभएर हो कि, बिजुलीबिनाको टावर छ, मोबाइल अफ छन्, बिजुली हुन्थ्यो भने टिभी चलाउन पाइन्थ्यो, टाढा-टाढाका घटना, समाचार देख्न पाइन्थ्यो, के गर्नु छैन।" निसीखोलागाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले भौगोलिक विकटताका कारण अहिलेसम्म निसेलढोरमा विद्युत् पुर्‍याउन नसकेको बताउनुभयो।

विद्युत्को पहुँच पुर्‍याउनका लागि स्थानीय जलविद्युत र विद्युत् प्राधिकरणसँग छलफल भइरहेको उहाँको भनाइ छ । आफू निर्वाचित हुनु पूर्वदेखिनै यहाँ विद्युत् पुर्‍याउने विषयमा माथिल्लो निकायसँग माग गरेको जनाउँदै उहाँले अब केही समयमा यहाँका नागरिकले विद्युत् बाल्न पाउने जानकारी दिनुभयो।

# बागलुङ र पर्वत जोड्ने झोलुङ्गो पुल सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ फागुन

बागलुङ र पर्वत जिल्ला जोड्ने गरी कालीगण्डकी नदीमा निर्माण भएको झोलुङ्गे पुल सञ्चालनमा आएको छ।

बागलुङ नगरपालिका-४ उपल्लाचौरको गौरीधामबाट पर्वतको जलजला गाउँपालिका-८ ओडारे जोड्ने गरी जिल्ला जोड्ने गरी कालीगण्डकी नदीमाथि पुनः अर्को पाँच सय २३ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको हो । लामा र अग्ला झोलुङ्गे पुलहरूको जिल्लाका रूपमा परिचित बागलुङ र पर्वत जोड्नेगरी कालीगण्डकी नदीमाथि नै पाँच सय ६७ मिटर लामो झोलुङ्गे पुल निर्माण भइसकेको छ।

रू सात करोड लागतमा उक्त झोलुङ्गे पुल निर्माण सम्पन्न भएर सञ्चालनमा आएको बागलुङ-४ का वडाध्यक्ष कुमार विक्रम क्षत्रीले जानकारी दिनुभयो।

"पुलबाट वारिपारि गर्न थालेको चार दिन भयो। निर्माण सम्पन्न भएपनि औपचारिक उद्घाटन भने भएको छैन", उहाँले भन्नुभयो, "पुल बनेपछि बागलुङ बजारको समृद्धिसँग पर्वतको जलजला पनि जोडिएको छ। यसअघि यहाँका नागरिक आउजाउ गर्न एक/डेढ घण्टा लाग्नेमा अब १० मिनेट लाग्नेछ।"

दुई वर्षमा निर्माण सक्ने गरी विसं २०७९ जेठमा सम्झौता भई विसं २०७९ साउनदेखि निर्माण सुरु भएकामा डेढ वषमा काम सकिएको निर्माण पक्ष हिम शिखर कन्ट्रक्सनले जनाएको छ । पुल हस्तान्तरणको तयारी भइरहेको कम्पनीका प्रतिनिधि नरहरी खड्काले जानकारी दिनुभयो। निर्माणका लागि बजेट व्यवस्थापन भने सस्पेन्सन ब्रिज डिभिजन कार्यालय काठमाण्डौँले गरेको थियो। बागलुङ बजारलाई पर्वतको जलजलासँग जोड्दा यहाँको व्यापार व्यवसाय बढ्ने छ घने जलजलाका स्थानीयलाई घण्टौ लगाएर बागलुङ बजार आउनुपर्ने अवस्था अन्त्य भएको छ । जलजलाबाट बागलुङ बजारको विद्यामन्दिरमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी अभिषेक जिसीले आफूलाई हिडेर यहाँ अध्ययन गर्न आउँदा डेढ घण्टा लाग्ने गरेको बताउनुभयो । चार दिनदेखि पुलबाट आवातजावत गर्न थालेको भन्दै यसले समयमको बचत भएको बताउनुभयो।

"यसअघि दैनिक आउजाउ गर्न सास्ती भएपछि कोठा लिएर ११ कक्षा पढेको थिएँ । पुल बन्नथालेपछि कोठा छोडेर घरबाटै आउन जान थालेकामा अहिले चार दिनदेखि सहज भएको छ। करिब १० मिनेटमा विद्यालय पुग्न सकिन्छ", जिसीले भन्नुभयो।

# रत्यौली संरक्षणमा आमा समूहको सक्रियता

पोखरापत्र संवाददाता
बागलुङ, २२ फागुन

'हे......खुसी हुँदै जाउ है बाबु दुलही लिएर आए
बाबा आमा दिदीबहिनी कहिल्यै नरुवाए
आमाको पियारो छोरो, अब माया बाँडियो दोहोरो...।
हे...बिहे गरे छोरा विदेश सहरमा बुहारी
घरमा भने बाउ आमा र बाँभो खेतबारी
आफ्नै देश केही गरी खानु वृद्धाश्रम बा–आमा नलानु
आमाको पियारो छोरो, अब माया बाँडियो दोहोरो...।

बागलुङ नगरपालिका–८ सिगाना सायकोटको सृजनशील आमा समूहले तयार पारेको रत्यौली गीतको टुक्का हो यो । विवाह संस्कारमा गाइने गीतमध्यको रत्यौली अहिले लोप हुने अवस्थामा आएपछि यहाँका आमा समूह मिलेर संरक्षणमा जुटेका छन् ।

वैवाहिक सम्बन्धको विषय वरपर रहेर गाइने गीतलाई रातमा रमाइलो गरेर गाइने भएकाले यसलाई रत्यौली नामकरण गरिएको आमा समूहका अध्यक्ष डिलकुमारी कार्कीले बताउनुभयो । लोकगीतका विभिन्न भेदमध्यको संस्कार गीतमा पर्ने रत्यौली बिस्तारै लोप हुने खतरामा बढ्दै गएपछि यहाँका 'रत्यौली समूह' निर्माण गरेर मेला तथा पर्वमा रत्यौली गाउन र नाच्न थालिएको उहाँले बताउनुभयो ।

मौलिक गीतका रूपमा रहेको रत्यौली पछिल्लो समय आधुनिकतासँगै लोप हुन थालेकाले आमा समूह बनाएर संरक्षणमा जुटेको यहाँका आमाहरूले बताएका छन् । वैवाहिक तथा परिवारको सम्बन्धको, विगत र भविष्यको सेरोफेरोमा घुमेका यस्तै गम्भीर र थुप्रै ठट्यौली अनि रमाइला खालका गीत गाउँदै रत्यौली संरक्षणमा जुटेको समूहका अध्यक्ष कार्कीले बताउनुभयो । पछिल्लो समय पार्टी प्यालेसबाट तथा भागी विवाह गर्ने चलन बढेकाले रत्यौली परम्परा पुस्तान्तरण हुन नसक्दा लोप हुनथालेपछि विवाह समारोहसँगै मेला पर्वमा रत्यौली प्रदर्शन गर्न थालिएको उहाँको भनाइ छ ।

"रत्यौलीका लागि लाहुरे, लुठो, मादले, खैजाडु, श्रीमान्श्रीमतीको जोडीसहितको समूह तयार पारेका छौँ । सचेतनामूलक सन्देश दिनेगरी सामाजिक र सांस्कृतिक कार्यक्रममा रत्यौली प्रदर्शन गर्दै आएका छौँ", कार्कीले भन्नुभयो, "विद्यालयको वार्षिकोत्सव, क्लबको मेलालगायत कार्यक्रममा यस्ता गीत गाउँदा मनोरञ्जनका साथै सन्देश पनि दिन सकिन्छ र संस्कृति संरक्षण पनि हुन्छ भनेर अभियान नै थालेका छौँ ।"

उहाँका अनुसार बालमैत्री अभियान, दाइजो प्रथा, बालविवाहविरुद्ध, महिला शिक्षालगायत विषयमा रत्यौली गीतका शब्द सङ्कलन गरेर गाईदै आइएको छ । रत्यौलीका लागि आवश्यक सामग्री मादल, खैजाडी, नवविवाहितको जोडी, पण्डितको भेषसम्मका कपडा समूहले व्यवस्था गरेको उहाँले बताउनुभयो । "उहिल्यै–उहिल्यै रतौली गीतमार्फत आमा, दिदीबहिनीहरू दुलाहा–दुलही र घरपरिवारलाई आशिष् दिन्थे । पारिवारिक अवस्थाको चित्रण गर्दै बह पोख्थे अनि खुलेर रमाइलो गर्थे । पहिला प्रायः विवाह राति हुने भएकाले यसलाई रत्यौली भनिएको हो । अहिले विवाह दिनमा हुन थाल्यो र यो परम्परा पनि लोप हुँदै गयो", समूहका सदस्य गङ्गा खड्काले भन्नुभयो । समूहबाट सन्देशमूलक गीतका शब्द सङ्कलन गरेर मेला, पर्व, विद्यालयको वार्षिकोत्सवलगायत कार्यक्रममा रत्यौली गाउन थालेको भन्दै यसले यो परम्परा संरक्षणमा टेवा पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो । समूहमार्फत रत्यौलीको परम्परालाई संस्थागत गर्न लागिएको उहाँको भनाइ छ ।

हे.... सुन्तुहोला माइतीले हाम्लाई लोभ छैन,
असल संस्कार छोरी दिनुहोस् दाइजो पर्दैन,
आमाको पियारो छोरो, अब माया बाँडियो दोहोरो...।
हे....कर्म गरौँ आफ्नै भर परौँ दाइजो पर्था हटाउने काम गरौँ,
आमाको पियारो छोरो ......।

मनोरञ्जन/रमाइलो हुने भएकाले यसको नाम रत्यौली भएको भन्दै समूहका सदस्य खड्काले अब रमाइलोसँगै सन्देशमूलक रत्यौली गाउँदै संरक्षणमा जुटेको बताउनुभयो । बिहे घरमा अचेल पहिलाजस्तो रमाइलो रत्यौली हुन छोडेपछिआमासमूहयसकोसंरक्षणमा जुटेको उहाँको भनाइ छ । उहिल्यै रत्यौलीमा सुनिने रमाइला, ठट्यौली र मानवीय जीवनका दैनिकी समेटिएका यथार्थपरक गीतहरू आजकल सुनिन छोडेका छन् । "छोराको बिहेमा दुलाहा अन्माए लगेपछि बिहेघरको आँगनमा भेला भएर महिलाले मादल र भ्याली बजाउँदै मुजुराको तालमा गीत गाउँदै नाच्थे । पछिल्लो समय यो परम्परा तडकभडकमा मात्रै सीमित हुन थालेपछि चिन्तित भएर यसको संरक्षणमा लागेका हौँ", समूहका गङ्गा गौतमले भन्नुभयो । विगतमा जस्तो मौलिक स्वाद र शैलीका रत्यौली अहिलेनरहेपनिपरम्परालाई जीवित राख्न विवाहबाहेक अन्य सभासमारोहमा सन्देशमूलक रत्यौली देखाउन थालिएको उहाँले बताउनुभयो । "विवाहमा पहिला दिनरात रत्यौली हुन्थ्यो अहिले खासै गाउँदैनन्", गौतमले भन्नुभयो, "सभा तथा समारोहमा विवाहको मण्डपसहित दुलाहादुलहीसहितको समूह बनाएर रत्यौलीको छोटो प्रस्तुति दिन थालेका छौँ ।"

पहिला रात ढल्दै क्षितिजमा प्रभातकालीन रश्मी देखिन थालेपछि विभिन्न देवीदेवता पुकार्दै दुलाहाका आमाबाबु, परिवारजन र आफन्तलाई आशिष् दिने र दान सङ्कलन गर्ने परम्परा रहेकामा अहिले त्यो हराउँदै गएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

"बिहानीपख रत्यौली सकेर महिला आ–आफ्नो घरतर्फ जाने र बेलुकी दुलही भित्र्याउने बेलामा फेरि तिनै महिलाहरू भेला भएर दुलहीको स्वागत गर्ने, आशीर्वाद दिने र रत्यौलीको समापन गर्ने चलन थियो", गौतमले भन्नुभयो, "हिजोआज एकदिने विवाह हुन्छ । रातिमा रत्यौली खेल्ने चलन लोप नै भइसकेको छ ।" दिउँसोमा नाचगान गर्ने गरे पनि मौलिक गीत गाउनुभन्दा आधुनिक गीत बजाउने प्रचलन बढेको उहाँको भनाइ छ ।

समूहले सन्देशमूलक रत्यौलीका गीत गाउन थालेपछि यसको रमाइलो नै फरक हुन थालेको भन्दै स्थानीय महिलाको सहभागिता बढ्दै गएको आमा समूहका सदस्य बताउँछन् ।

# "महाजात्रा" चैत ९ गतेदेखि प्रदर्शन हुने

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

फिल्म षट्कोण आर्टसले निर्माण गरेको महाजात्रा फिल्म आउदो चैत ९ गते नेपाल सहित विदेशमा एकसाथ प्रदर्शन हुने भएको छ । नेपाल र भारत बाहेकको प्रदर्शन र वितरणको अधिकार खरिद गरेको एमएसएम इन्टरटेन्मेन्टस्ले चैत ९ देखि नेपाल सहित विदेशमा एकै साथ प्रदर्शनका लागि वितरण गरेको हो ।

चलचित्र पत्रकार संघ कास्कीले सोमबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा महाजात्राको टिमले उक्त फिल्म उत्कृष्ट बनेको दाबी गर्दै यस फिल्म समेत दर्शकको रोजाइमा पर्ने विश्वास व्यक्त गर्नु भएको छ । उक्त फिल्मको चैत्र ९ गते भन्दा अघि नै पोखरामा प्रिमियर सो हुने तयारी गरिएको लेखन तथा निर्देशन प्रदीप भट्टराईले बताए । पोखरा र फिल्म पर्यावाची शब्द जस्तै भएको दाबी गर्दै उहाँले ५० प्रतिशत फिल्महरु अझै पनि पोखरामा छायाङ्कन हुने गरेको दाबी गरे । यसअघि 'जात्रा', 'जात्रै जात्रा' सुपरहिट भए पछि महाजात्राको अवधारणमा चर्चीत हाँस्यकलाकार हरिवंश आचार्य सहितको टिम फिल्ममा समेटेको उनको भनाई थियो । ६ बर्षमा हालसम्म आपुले ५ वटा मात्र फिल्म बनाएको भट्टराईले जनाउनु भयो । चर्चीत हाँस्यकलाकार हरिवंश आचार्यले प्रदीप भट्टराईको निर्देशनमा पाँचौं फिल्ममा आफु जोडिएकोले त्यस फिल्ममा मुख्य भुमिकामा प्रस्तुत भएको उल्लेख गरे । उनले पनि पोखराको सुन्दरताको वर्णन गर्दै प्रायः धेरै कुराको हब पोखरा भएकोले चलचित्र बनाउन देखि चलचित्र माया गर्ने दर्शक समेत पोखरामा बढी रहेको दाबी गरे ।

देशको परिस्थितीलाई दर्शाउन खोजेको उल्लेख गर्दै उनले सायद यो बर्षको महाजात्रा उत्कृष्ट फिल्म बन्न सक्ने दाबी गरे । सेन्सर वोर्डले अनावश्यक रुपमा फिल्महरु सेन्सर गरेर फिल्मी क्षेत्रमा लाग्ने व्यवसायलाई दुःख दिने काम गरेको उनको भनाई थियो । अहिलेको समयमा राम्रो नराम्रो फिल्म बन्दा दर्शकले त्यसको महत्व थाहा पाउने उनको भनाई थियो । राष्ट्रियता, जाति बिषेश, अश्लिल बिषयहरु समेट्दा त्यसले समाजमा पर्ने असर फिल्म निर्माता तथा निर्देशकहरुले अहिलेको अबस्थामा बुझेको हाँस्यकलाकार आचार्यको भनाई थियो । अर्का हाँस्यकलाकार राजाराम पौडेलले चलचित्रको खानी पोखरामा फिल्म बन्ने र माया गर्ने दर्शक भएको दाबी गरे । शत्रुगत, जात्रा, जात्रा जात्रा फिल्मबाट भट्टराईको निर्देशनमा बनेका फिल्ममा आफू नो प्रस्तुती राखेका उनले यस फिल्म निकै उत्कृष्ट भएको दाबी गरे । कार्यकारी निर्माताः रविन्द्रसिंह वानियाले धेरै कलाकार सहित देशको समसामयिक बिषयमा फरक ढंगले अभिनय भएको उक्त फिल्मले दर्शकको मन जित्ने बताए ।

चलचित्रको मुख्य भूमिकामा विपीन कार्की रहेका छन् भने कार्की सहित रविन्द्रसिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, हरिवंश आचार्य लगायतका कलाकारको अभिनय रहेको निर्माण पक्षले जनाएको छ । कार्यकारी निर्माता रविन्द्रसिंह बानियाँ रहेको चलचित्र दीपेश खत्री 'म्याक्स' र यज्ञेश्वर पौडेलको करिब साँढे ३ करोडमा उक्त फिल्म निर्माण भएको उहाँहरुको दाबी छ ।

उक्त फिल्मले राम्रो सफलता हासिल गरेसँगै अर्को नयाँ परिवेशमा फरक ढंगले फिल्म बनाउने आफुहरुको योजना रहेको भट्टराईले जनाए । आफुहरु फिल्मि क्षेत्रमा आएकोले यसलाई अझ राम्रो गर्न आफुहरुको प्रयास निरन्तर रहने उनको भनाइ थियो ।

# मनाङको ढुकुरपोखरीमा हिमपहिरो

पोखरापत्र संवाददाता
मनाङ, २२ फागुन

मनाङको डिस्याङ गाउँपालिकामा हिमपहिरो गएको छ । डिस्याङ–१ ढुकुरपोखरीमा हिमपहिरो जाँदा माथिल्लो मनाङ र तल्लो मनाङ आवतजावतमा गर्न जोखिम बढेको छ ।

हिमपहिरोले सडक बन्द नभए पनि आवतजावत गर्न जोखिम बढेको प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार आइतबार भारी हिमपात भएपछि उक्त क्षेत्रमा हिमपहिरो आएको हो । हिमपहिराले माथिल्लो मनाङ आवतजावतमा समस्या भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मनाङ पर्यटकीय क्षेत्र भएकाले पर्यटक आउने याम सुरु भइसकेको छ । दैनिकरूपमा यहाँका पर्यटकीय क्षेत्र अवलोकन भ्रमणमा पर्यटक आइरहेका छन् । आवतजावतमा जोखिम बढ्दा समस्या भएको छ ।" दैनिकरूपमा यहाँ ५० देखि ६० पर्यटक भित्रिन थालेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दैनिक पर्यटक आगमन बढ्न थालेको छ । भारी हिमपातसँगै आएको हिमपहिराले जोखिम भने बढाएको छ । बाटो नै नछेकिए पनि जोखिम भने छ । सचेत भएर उक्त क्षेत्र पार गर्न आग्रह गर्ने गरेका छौँ ।" समय सकिनलागेको आएको भारी हिमपातले पहिरो गएको छ । किसानलाई हिमपात उपयुक्त भए पनि यससँगै आएको विपद्ले भने सकस बनाएको छ । यस क्षेत्रमा आएको हिमपहिराले नदीनालाको पानीको बहावलाई नरोकिएको र बाटो बन्द भने भएको छैन ।

यस क्षेत्रमार्फत यात्रा गर्ने स्थानीय तथा पर्यटकलाई सचेतता अपनाउन आग्रह गरिएको प्रजिअ लामिछानेले बताउनुभयो । हिमपातले अन्य क्षेत्रमा पनि हिमपहिरो जान सक्ने भएकाले सचेत रहन उहाँले अनुरोध गर्नुभएको छ । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा अन्नपूर्ण पदमार्गमार्फत पर्यटक आउने गर्छन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका–७ मनाङ्गे चौतारामा रहेको छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्ला जोडिएको छ । काठमाडौँबाट बेँसीसहरसम्म सवार साधनमा पर्यटक आउने गर्दछन् र पदमार्गमार्फत मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्राको सुरुआत गर्दछन् । दुई समयमा मनाङमा पर्यटक घुम्न आउने गर्दछन् ।

# 'डम्पिङसाइट' भरिएपछि कोरिडोर दुर्गन्धित

पोखरापत्र संवाददाता
बागलुङ, २२ फागुन

बागलुङ नगरपालिकाले काठेखोला र कालीगण्डकी करिडोर नजिकैको सुतुर्केमा फोहोर फाल्न थालेको एक दशक भयो । त्यसअघि नगरपालिकाले २०५४ सालदेखि कालीगण्डकी किनारमा फोहोर व्यवस्थापन गर्दै आएको थियो तर अहिले सुतुर्केको 'डम्पिङसाइट' पनि भरिएपछि फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ । अव्यवस्थित फोहोर व्यवस्थापनबाट सोही स्थान हुँदै दैनिक गुड्ने सयौँ सवार साधन र यात्रु प्रभावित भएका छन् । कुहिने र नकुहिने फोहोर नछुट्याइ व्यवस्थापन गर्दा त्यहाँको १० रोपनी जग्गा भरिएको छ भने सुतुर्केको 'डम्पिङसाइट'को असर नजिकैको प्रसिद्ध बागलुङ कालिका मन्दिरमा पनि असर पर्न थालेको छ । अव्यवस्थित फोहोर व्यवस्थापनका कारण सो ठाउँ हुँदै यात्रा गर्न सकस हुने गरेको सवारी चालक देवीबहादुर सुनारले सुनाउनुभयो । "फोहोर फाल्नका लागि वरिपरी पर्खाल लगाइएको छ तर फोहोर भरिएर सबै सडकमा खसेको छ", उहाँले भन्नुभयो, "गर्मी पनि बढ्न थाल्यो, अब यो बाटो भएर हिँड्नै नसक्ने अवस्था हुन्छ । दुर्गन्धले रिङ्गटा लाग्ला जस्तो हुन्छ । यो बाटोको विकल्प पनि छैन ।" नगरपालिकाले फोहोरको दिगो व्यवस्थापनका लागि व्यवस्थित 'ल्याण्डफिल साइट' बनाउने योजना बनाए पनि हालसम्म कार्यान्वयनमा आएको छैन । केही दिन लगातार यो सडक हुँदै यात्रा गरियो भने बिरामी पर्ने अवस्था रहेको बागलुङ नगरपालिका–१४ का विरबहादुर क्षेत्रीको गुनासो छ । स्थानीयले नगरपालिकामा गएर धेरै पटक फोहोर व्यवस्थापनका लागि आग्रह गरे पनि हालसम्म सुनुवाई हुन नसकेको उहाँको भनाइ छ ।

"अव्यवस्थित फोहोर व्यवस्थापनका कारण त्यहाँका भिँगा मालढुङ्गासम्म पुग्छन्, यही सडकबाट दैनिक सयौँ मान्छे ओहोरदोहोर गर्नुपर्छ । हामी पनि हरेक दिन हिड्छौँ", क्षेत्री भन्नुहुन्छ, "नगरपालिकाले फोहोर उठाउने बेलामै कुहिने र नकुहिने छुट्याएर व्यवस्थापन गर्नुको विकल्प छैन ।" बागलुङ नगरपालिकाले दैनिक छ टन फोहोर व्यवस्थापन गरिरहेको छ । नगरपालिकाले फोहोर व्यवस्थापनका लागि आधुनिक र व्यवस्थित डम्पिङसाइट बनाउने गुरुयोजना बनाए पनि बजेट अभावमा कार्यान्वयन गर्न नसकिएको नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठको भनाइ छ । नगरपालिकाले दक्षिण कोरियाको वातावरण विभाग अन्तर्गत 'एएलके इसिओ' कम्पनीसँग फोहोर व्यवस्थापनका लागि मेसिन ल्याउने तयारी गरेको श्रेष्ठले जानकारी दिनुभयो । यसअघि सो कम्पनीका प्रमुख खो यु सेप, सीईओ जङ डेटोङ तथा बागलुङ नगरपालिकाका प्रमुख श्रेष्ठ र कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीको संयुक्त बैठकले मेसिन ल्याउने निर्णय गरेको थियो । बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षमा फोहोर व्यवस्थापनका लागि विनियोजित रु एक करोड २० लाखमा मेसिन खरिद गर्ने तयारी गरेको प्रमुख श्रेष्ठको भनाइ छ ।

# सिद्धगुफामा पर्यटकीय पूर्वाधार बनाइँदै

पोखरापत्र संवाददाता
दमौली, २२ फागुन

तनहुँको बन्दीपुर गाउँपालिका–४ विमलनगरस्थित सिद्धगुफालाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न पूर्वाधार निर्माण कार्य अघि बढाइएको छ । गाउँपालिकाले गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा सिद्धगुफालाई पर्यटकीय गन्तव्य बनाउन लागेको हो ।

नवप्रवर्तन कार्यक्रमका लागि प्रदेश सरकारसँग सम्झौता भएपछि निर्माण कार्य अघि बढाइएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चाँडै नै बोलपत्र आह्वान गर्ने तयारी छ ।" मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारले अवधारणा माग गरेको थियो ।

कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले अवधारणापत्र पेश गरेपछि दुवै पक्षबीच सम्झौता भएको अध्यक्ष थापाले बताउनुभयो । सिद्धगुफाको विकासका लागि नवप्रवर्तन साझेदारी कोषअन्तर्गत कूल लागत रु एक करोड चार लाख रहेको छ । त्यसका लागि गण्डकी प्रदेश सरकारले रु ७५ लाख अनुदान दिएको छ भने गाउँपालिकाले रु २८ लाख ९५ हजार लगानी गर्नेछ । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहिचान गरेका एक सय नयाँ पर्यटकीयस्थलमध्ये सिद्धगुफा पनि एक हो । पृथ्वी राजमार्गको तनहुँको डुम्रेबाट दुई किलोमिटर पूर्व विमलनगरमा अवस्थित सिद्ध गुफा समुद्री सतहबाट ६ सय मिटरमाथि विमलनगरको दक्षिणी भागमा पर्दछ ।

# म्याग्दे गाउँपालिकामा घुम्ती शिविर सञ्चालन

पोखरापत्र संवाददाता
दमौली, २२ फागुन

तनहुँको म्याग्दे गाउँपालिकाले सबै सेवा एकै ठाउँबाट दिन घुम्ती शिविर सुरुआत गरेको छ । जनतालाई सहजरूपमा वडास्तरबाटै पालिकाका सेवा प्रदान गर्न गाउँपालिकाले सोमबारदेखि एकीकृत घुम्ती शिविर आयोजना गरेको हो ।

वडाबाटै सेवा प्रदान गर्दा सेवाग्राहीलाई सहज हुने र समयको बचत हुने भएकाले वडा नं ३ बाट घुम्ती शिविर सुरु गरिएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । सिहंदरबारको अधिकार गाउँगाउँमा भन्ने नारालाई प्रत्याभूत गर्न घरआँगनबाटै सेवा प्रदान गरिएको श्रेष्ठको भनाइ छ । उहाँले भन्नुभयो, "गाउँपालिकाको कार्यालयमै आएर लिनुपर्ने सेवालाई जनताको घरदैलोमा पुर्‍याउने उद्देश्य हो, यसले गर्दा सेवाग्राहीलाई एकदिन छुट्याएर गाउँपालिका आउनुपर्ने बाध्यताको अन्त्य हुन्छ । घरआँगनमै स्थानीय सरकार गएपछि जनतालाई स्थानीय सरकारको प्रत्याभूति गराउन सकिन्छ ।"

गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले प्रत्येक आर्थिक वर्षमा गाउँपालिकाले वडास्तरमै पुगेर एकीकृत घुम्ती शिविर आयोजना गर्ने गरेको जानकारी दिनुभयो । प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीका अनुसार सोमबार र मङ्गलबार वडा नं ३ मा घुम्ती शिविर हुनेछ । फागुन २३ र २४ गते वडा नं ४ मा, २७ र २९ गते वडा नं ५ मा, ३० र चैत १ गते वडा नं ६ मा, चैत २ र ४ गते वडा नं ७ मा, चैत ५ र ६ गते वडा नं १ मा र चैत ७ र ८ गते वडा नं २ मा एकीकृत घुम्ती शिविर हुनेछ ।

घुम्ती शिविरबाट विषयगत शाखाअन्तर्गतका योजना सम्झौता, सुझाव तथा परामर्श सेवा, स्वास्थ्य/आयुर्वेद शाखाअन्तर्गत सामान्य स्वास्थ्य परीक्षण, उपचार व्यवस्थापन, परामर्श तथा औषधि वितरण, क्षयरोग स्क्रिनिङ, मधुमेह, पोषण सेवा, भिआइए स्क्रिनिङ, कोभिडविरुद्धको खोप प्रदान गरिने अधिकारीले जानकारी दिनुभयो । कृषि शाखाअन्तर्गत हिउँदे बालीको बीउ वितरण, विषादी वितरण, फर्म दर्तासम्बन्धी आवश्यक कागजातको जानकारी, अनुदानसम्बन्धी जानकारी तथा माग सङ्कलन, पशु सेवा शाखाअन्तर्गत गोबर परीक्षण एवं औषधि वितरण, प्रशासन शाखाअन्तर्गत व्यवसाय दर्ता तथा विभिन्न विषयमा जानकारी प्रदान गरिनेछ ।

पञ्जीकरण शाखाअन्तर्गत विभिन्न किसिमका घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी सेवा, महिला तथा बालबालिका शाखाअन्तर्गत ज्येष्ठ नागरिक परिचयपत्र र अपाङ्गता परिचयपत्र वितरण, घरनक्सा शाखाअन्तर्गत निःशुल्क घर नम्बरप्लेट वितरण गरिने जनाइएको छ ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

सूचना प्रकाशित मिति २०८०/११/२३

यस atozpatrika.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लगाइएको हुँदा तत् सम्बन्धमा केही सकैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाव मिलान गर्नहुन अनुरोध गर्दछौं ।

प्रकाशकः
www.atozpatrika.com
पोखरा २२, कास्की